नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ०७८/७९
च.नं. /pmep/ ६६

नेपाल सरकार श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

मिति : २०७८/०६/११

श्री गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय सबै
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

बिषय: कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई प्रति वर्ष प्रति स्थानीय तह ७८ जनाका दरले २५० स्थानीय तहमा १९५०० र तीन आर्थिक वर्षमा ५९५०० बेरोजगार व्यक्तिलाई कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गर्न आवश्यक पाठ्यक्रम निर्माण तथा अन्य तयारी भइरहेको छ। सो सम्वन्धमा देहाय वमोजिम कार्यान्वयन हुन निर्णयानुसार अनुरोध गर्दछु।

१. आर्थिक वर्ष २०७८/०७९ का लागि प्राथमिकताक्रममा रहेका सूचिकृत बेरोजगार व्यक्तिलाई युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३६(१) बमोजिम तपसिलमा उल्लेख भएका विषयमा 'सीपमूलक तालिम' सञ्चालन गर्न ईच्छुक स्थानीय तहको गाँउ/नगर कार्यपालिकाले मिति २०७८/०६/२१ भित्र रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा उपलव्ध लिङ्क मार्फत दफा ३९(१) बमोजिम तालिमको लागि प्रस्ताव पेश गर्ने।

तालिम सञ्चालन हुने विषयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | सडक मर्मत तथा सम्भार | (ख) | सिकर्मी | (ग) | डकर्मी |
| (घ) | प्लम्बिङ्ग | (ङ) | इलेक्ट्रिसियन | | |

२. प्रति स्थानीय तह ७८ जनाका दरले २५० स्थानीय तहको छनौट देहाय अनुसार गरिने :

(क) सूचिकृत व्यक्तिहरुको संख्या कम्तिमा १०० वा सो भन्दा बढि भएको स्थानीय तह,
(ख) उल्लेखित तालिमसँग सम्वन्धित आयोजना तथा परियोजना भएका स्थानीय तह,
(ग) रोजगार संयोजक र प्राविधिक सहायक पद पूर्ति भएका स्थानीय तह,
(घ) गत आर्थिक वर्षमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गरेका स्थानीय तह,
(ङ) गत आर्थिक वर्षमा न्यूनतम रोजगारी प्रदान गर्दा औसत रोजगार दिन बढि भएका स्थानीय तह।

३. प्राथमिकता क्रममा सूचिकृत बेरोजगारलाई नै न्यूनतम रोजगारी ५० दिन प्रदान गर्ने र बाँकी ५० दिन सीपमूलक तालिम दिई यस तालिम अवधिको ५० दिनको न्यूनतम् ज्याला समेत प्रदान गरी १०० दिनको पारिश्रमिक समेत प्रत्याभूति गर्ने लक्ष्य रहेको छ। तसर्थ प्रस्तावित तालिममा सहभागी हुने लाभग्राहीलाई अधिकतम ५० दिनको ज्याला

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np


प.सं. ०७८।७९
च.नं. /pmep/ ६६

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

समेत भुक्तानी गर्नु पर्ने र सो को लागि स्थानीय तहलाई आई.डि.ए. श्रोतको व.उ.शि. ७३१००१०३ बाट कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्न उपलव्ध गराइएको बजेटबाटै भुक्तानी गर्न सोही अनुरुपको लागत अनुमान गर्ने व्यवस्था मिलाउने।

४. प्राप्त प्रस्ताव बमोजिम तालिम सञ्चालन हुने स्थानीय तहको छनौट, तालिममा सहभागि संख्या आदि विषय प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय तहको आपसी सहकार्यमा तय गरिनेछ र तालिम प्रदायक संस्थाको छनौट मन्त्रालयले गरी तालिमको सञ्चालन तथा व्यवस्थापन मन्त्रालयबाटै गरिने व्यहोरा समेत अनुरोध छ ।

०८।११

(युवराज आचार्य)
शाखा अधिकृत

शाखा अधिकृत